# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

यातायात व्यवस्था कार्यालय, जुम्लामा सवारी चालक अनुमतिपत्र वितरण गर्दा बैदेशिक रोजगारीमा रहेको व्यक्ति तथा प्रयोगात्मक परीक्षामा फेल/अनुपस्थित भएका व्यक्तिसमेत १८(अठार) जनालाई सवारी चालक अनुमतिपत्र प्रदान गरी अनियमितता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आर्थिक वर्ष २०७५/०७६ मा प्रयोगात्मक परीक्षा नतिजा (फिल्ड) रिपोर्टमा फेल तथा अनुपस्थित जनाईएको १८(अठार) जना व्यक्तिहरूको नाममा वर्ग A र E तथा विदेशमा रहेको व्यक्ति शालिकराम भण्डारीको नाममा A वर्गको सवारी चालक अनुमति पत्र जारी गरेको देखिएकोमा निज शालिक राम भण्डारी मिति २०७०/०५/१९(सन् २०१३/०९/०४) मा वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा गई मिति २०७५/०५/२३ (सन् २०१८/०९/०८) मा पुनः नेपाल फर्केको देखिएको, निजलाई मिति २०७५/०४/२० (सन् २०१८/०८/०५) गतेको लिखित परीक्षा र मिति २०७५/०४/२० (सन् २०१८/०८/०५) को प्रयोगात्मक परीक्षामा पास गराई मिति २०७५/०४/२५ (सन् २०१८/०८/१०) गते A वर्गको सवारी चालक अनुमति पत्र नं. १४-००४५२३ जारी गरे गराएको देखिएबाट सवारी तथा यातायात व्यवस्था ऐन २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६०(संशोधन सहित) लगायतको प्रचलित कानुनमा निर्दिष्ट गरिएबमोजिम लिखित तथा प्रयोगात्मक परीक्षाहरू स्वच्छ, मर्यादित र व्यवस्थित ढंगले सञ्चालन नगरी नगराई राष्ट्रसेवक प्रतिवादीहरूले बदनियत राखी विदेश मलेसियामा रहेको निज शालिक राम भण्डारीको नाममा यातायात व्यवस्था कार्यालय जुम्लाबाट A वर्गको सवारी चालक अनुमति पत्र जारी गरे गराएको तथ्य पुष्टि भएको, यसरी परीक्षा समितिको अध्यक्षको रूपमा रही यातायात व्यवस्था कार्यलय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख मदन प्रसाद देवकोटा, परीक्षा समितिका सदस्यहरू प्रहरी नायब निरीक्षक गंगाराम वि.क. र मेकानिकल सुपरभाइजर शम्भु दाहालले विदेशमा रहेको व्यक्ति शालिक राम भण्डारीको नाममा A वर्गको सवारी चालक अनुमतिपत्र जारी गर्न सिफारिस गर्ने कार्य गरी अनुमतिपत्र जारीसमेत गरे गराएको, त्यसैगरी, प्रयोगात्मक परीक्षाको परिणाममा फेल जनाईएको कम्प्युटर प्रवृष्टिमा Edit गरी फेलबाट पासमा नतिजालाई सच्चाई, उत्तीर्ण जनाई सवारी चालक अनुमतिपत्र जारी गरे गराएको, प्रयोगात्मक परीक्षामा फेल जनाईएका शिव बहादुर क्षेत्री जना १(एक) लाई E वर्गको, प्रयोगात्मक परीक्षामा अनुपस्थित हिमाल बोहोरा जना १ (एक) र प्रयोगात्मक परीक्षामा फेल जनाईएका अंक बहादुर शाही, शान्ता कुमारी चौलागाई, प्रेम प्रसाद उपाध्याय, मेघ राज डांगी, मिन बहादुर मल्ल, सरस्वती भुर्तेल, सबिका दहाल, दिपक शाही, रेशम अधिकारी, नेत्र कला जैशी, आस्था भट्टराई, कुंग सन्डुप लामा, विकास खत्री, आरती न्यौपाने, लोकेन्द्र मल्ल, तारा बहादुर थापा समेत जना १६(सोह्र) समेत गरी जम्मा १८ (अठार) जनालाई प्रयोगात्मक परीक्षाको परिणाम फेरबदल गरी फेल/अनुपस्थित भएको जनाईएको कम्प्युटर प्रविष्टिमा आफ्नो युजर आ.ई.डी. (User ID) ४६७ प्रयोग गरी गराई उल्लिखित १८

(अठार) जनाको विवरणमा थपघट गरी अभिलेख परिवर्तन गरी पास जनाई सवारी चालक अनुमतिपत्र जारी गरे गराएको तथ्य स्थापित भएको देखिंदा यातायात व्यवस्था कार्यालय, जुम्लाका निमित्त कार्यालय प्रमुख मदन प्रसाद देवकोटाले फेल भएको नतिजालाई पास भनी कम्प्युटरमा (User ID) ४६७ बाट सच्चाएको कुरा यातायात व्यवस्था विभाग, सूचना प्रविधि शाखाको मिति २०८२/०३/१९ को पत्रसमेतबाट थप पुष्टि भएको देखिंदा प्रतिवादीहरूले आफू समेतलाई गैरकानुनी लाभ पुऱ्याउने वदनियतले यातायात व्यवस्था कार्यालय तथा विभाग समेतका सरकारी तथा सार्वजनिक निकायका विद्युतीय एवं कागजातका अभिलेखमा परीक्षाको परिणाम अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने र हेरफेर गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुर भएकोले निज प्रतिवादीहरूलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय, जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख **मदन प्रसाद देवकोटा** र तत्कालीन मेकानिकल सुपरभाइजर **शम्भु दाहाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला प्रहरी कार्यालय, जुम्लाका तत्कालीन प्रहरी नायव निरीक्षक गंगाराम वि.क. भन्ने **गंगाराम विश्वकर्मा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने